नलगाड नगरपालिकाबाट प्रकाशित

# नलगाड राजपत्र

खण्ड: ४ संख्या: ७ दल्ली जाजरकोट मिति: २०७७/०३/३०

## भाग-१

## नलगाड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## सूचना

नेपालको संविधान बमोजिम नलगाड नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## नलगाड नगरपालिका उद्योग तथा व्यवसाय फर्म दर्ता सम्वन्धी ऐन, २०७७

सम्वत् २०७७ सालको ऐन नं. ७

**प्रस्तावनाः** नलगाड नगरपालिका भित्रको व्यापार र उद्योग व्यवसाय गर्ने प्राईभेट फर्महरुको दर्ता, नियमन, सहजीकरण र तत्सम्बन्धी अन्य कार्य गरी नगरपालिकाको आर्थिक सम्वृद्धि र आम जनताको हित प्रवर्द्धन गर्न बाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम नलगाड नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "उद्योग तथा व्यवसाय फर्म दर्ता सम्वन्धी ऐन २०७७" रहेको छ।

(२) यो ऐन नलगाड राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ।

२. **परिभाषाः** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “प्राईभेट फर्म” भन्नाले नलगाड नगरपालिका भित्र संचालन हुने निजी वा अन्य नामबाट कुनै एक व्यक्तिले उद्योग, व्यापार वा व्यवसाय गर्ने फर्म सम्झनु पर्दछ ।

(ख) “दर्ता” भन्नाले नगरपालिका क्षेत्रभित्र संचालन भएका प्राईभेट फर्महरुलाई नगरपालिकाले अभिलेखिकरण गरी कारोवार संचालन गर्न अनुमति दिने कार्य सम्झनु पर्दछ ।

(ग) “नगरपालिका” भन्नाले नलगाड नगरपालिका सम्झनु पर्दछ ।

(घ) “सभा” भन्नाले नलगाड नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(ङ) “अधिकार प्राप्त अधिकारी” भन्नाले नलगाड नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(च) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यो ऐन अर्न्तगत बनेको नियम, कार्यविधि, निर्देशिका वा मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) “सम्वन्धित निकाय” भन्नाले प्राईभेट फर्मको दर्ता, नियमन र सहजीकरण गर्नको लागि तोकिएको निकाय सम्झनुपर्छ ।

(ज) “कार्यपालिका” भन्नाले नलगाड नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

३. **दर्ता नगरी प्राईभेट फर्म सञ्चालन गर्न नहुने :** (१) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस ऐन बमोजिम दर्ता नगराई कसैले पनि प्राईभेट फर्म सञ्चालन गर्न पाइने छैन ।

(२) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानुन बमोजिम दर्ता भएका फर्मले एक वर्ष भित्र सम्वन्धित निकायमा दर्ता अद्यावधिक गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम तोकिएको अवधि भित्र प्राईभेट फर्म दर्ता नगर्ने व्यवसायीलाई नगरपालिकाले तोकिए बमोजिम दण्ड, जरिवाना गर्न सक्नेछ ।

४. **प्राईभेट फर्म दर्ता गर्न दरखास्त दिनुपर्नेः** (१) कुनै प्राईभेट फर्म दर्ता गर्न चाहने व्यक्तिले देहायको विवरण र तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा सम्वन्धित निकाय समक्ष दरखास्त दिनुपर्नेछः

(क) फर्मको नाम,

(ख) फर्मको ठेगाना, सम्पर्क नं. र ईमेल,

(ग) फर्मका उदेश्य तथा कारोवार गर्ने बस्तु तथा सेवाको विवरण,

(घ) फर्म धनीको नाम, ठेगाना तथा बाबु, आमा र बाजे, बज्यैको नाम,

(ङ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

(च) तोकिए बमोजिमको अन्य विवरण ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिको दरखास्त परेपछि सम्वन्धित निकायले सात दिनभित्र तोकिए बमोजिम आवश्यक जाँचबुझ गरी फर्म दर्ता गर्न मनासिव देखेमा तोकिए बमोजिमको दर्ता कितावमा त्यस्तो फर्म दर्ता गरी तोकिएको ढाँचाको प्रमाणपत्र दरखास्तवालालाई दिनुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै व्यक्तिको नाममा समान उदेश्य भएको एक भन्दा बढी बाणिज्य सम्वन्धी प्राईभेट फर्म दर्ता गरिने छैन ।

तर सोही उदेश्यको लागि प्राईभेट फर्मको शाखा खोली संचालन गर्न पाईने छ ।

(४) उपदफा (१) बमोजिम दरखास्त जाँचबुझ गर्दा प्राईभेट फर्म दर्ता गर्न नसकिने भएमा सम्वन्धित निकायले सात दिन भित्र सो को कारण सहितको जानकारी सम्वन्धित दरखास्तवालालाई दिनुपर्नेछ ।

५. **फर्मको प्रमाणपत्रको अवधि र नवीकरण** : (१) यो ऐन बमोजिम दर्ता र अद्यावधिक भएका प्राईभेट फर्मको प्रमाणपत्रको अवधि र नवीकरण सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) यो दफा प्रारम्भ हुनु अघि कुनै कारणबस नवीकरण गर्ने म्याद समाप्त भई नवीकरण हुन नसकेका फर्म भए जतिसुकै अवधि व्यतित भएको भए तापनि एक पटकको लागि यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र तोकिएको शुल्क बुझाई नवीकरण गर्न सकिने छ ।

६. **अनुमति वा ईजाजतपत्र लिनुपर्ने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम दर्ता भएको कुनै फर्मले कुनै व्यवसाय सञ्चालन गर्न प्रचलित कानुन बमोजिम कुनै अधिकारी वा निकायको अनुमतिपत्र वा ईजाजतपत्र लिनुपर्ने रहेछ भने त्यस्तो अनुमतिपत्र वा ईजाजतपत्र नलिई आफ्नो व्यवसाय शुरु गर्न सक्नेछैन र यस ऐन बमोजिम प्राईभेट फर्म दर्ता भएकै आधारमा त्यस्तो व्यवसाय सञ्चालन गर्न अनुमति प्राप्त गरेको मानिने छैन ।

७. **विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनुपर्ने** : दफा ४ को उपदफा (१) बमोजिमको विवरणमा कुनै हेरफेर गर्ने सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. **कानुनी मान्यता नपाईने** : यो ऐन प्रारम्भ भएपछि यो ऐन बमोजिम दर्ता नगरी प्राईभेट फर्मको नामबाट गरेको कुनैपनि लेनदेन वा अरु कारोबारको कानुनी मान्यता पाउने छैन ।

९. **विवरण माग गर्न सक्ने** : (१) यो ऐन बमोजिम दर्ता भएको कुनै प्राईभेट फर्मसँग सम्वन्धित निकायले आवश्यक विवरण माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण तोकिएको समय भित्र पेश गर्नु पर्ने प्राईभेट फर्मको कर्तव्य हुनेछ ।

१०. **सम्वन्धित निकायमा दर्ता गर्नुपर्ने** : (१) यस ऐन बमोजिम नगरपालिका भित्र दर्ता भएका प्राईभेट फर्महरुले कानुन बमोजिम नेपाल सरकार तथा प्रदेश सरकारले तोकेको अन्य निकायमा समेत दर्ता गर्नुपर्नेछ ।

११. **प्राईभेट फर्म खारेज गर्न सकिने** : (१) देहाएको अवस्थामा सम्वन्धित निकायले प्राईभेट फर्म खारेज गर्न सक्नेछ ।

(क) तोकिएको अवधि भित्र नवीकरण नगराएमा

(ख) फर्मको धनीले मनासिव कारण दर्साई आफ्नो फर्म खारेज गरी पाँउ भनी सम्वन्धित निकायमा निवेदन दिएमा ।

(ग) दफा (४) को उपदफा (३) को विपरित हुने गरी कुनै कुरा ढाँटी फर्म दर्ता गरिएको ठहरिएमा ।

(घ) सम्वन्धित निकायले माग गरेको दफा (९) बमोजिमको विवरण तोकिएको अवधि भित्र पेश नगरेमा ।

(ङ) उद्योग सम्वन्धि प्राईभेट फर्मले सम्वन्धित निकायलाई जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा ।

(च) उद्योग सम्वन्धि प्राईभेट फर्मले इजाजतको शर्त बमोजिम उद्योग स्थापना र संचालन गर्नको लागी कारखाना निर्माण, मेशिनरी औजार वा उपकरण खरिद गरेको वा उद्योग संचालनको लागी आवश्यक कार्य गरेको लिखित प्रगति विवरण सम्वन्धित निकायमा पेश नगरेमा ।

(छ) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियमको विपरीत हुने गरी अन्य कुनै कार्य गरेमा ।

(२) उपदफा (१) खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम सम्वन्धित निकायले फर्म खारेज गर्नु अघि सफाईको उचित अवसर दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम सम्वन्धित निकायबाट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्मका धनीको नाममा एक बर्ष सम्म सोही उद्देश्य भएको अर्को प्राईभेट फर्म दर्ता गरिने छैन ।

१२. **जरिवाना हुने :** (१) यो ऐन बमोजिम दर्ता नगराई खोलिएको फर्मको धनीलाई सम्वन्धित निकायको प्रमुखले पाँच हजार देखी दश हजार रुपैंया सम्म जरिवाना गर्न सक्नेछ र सोही कसुर पुनः दोहोरिएमा पटकै पिच्छे शुरुमा हुने जरिवानामा थप दश हजार रुपैंयासम्म जरिवाना हुनेछ ।

(२) दफा ४ बमोजिम दरखास्त दिदा झुट्टा विवरण दाखिला गर्ने वा दफा ९ को उपदफा (२) बमोजिम विवरण पेश नगर्ने वा झुट्टा विवरण पेश गर्ने फर्मको धनीलाई सम्वन्धित निकायको कार्यालय प्रमुखले पन्ध्र हजार देखी पच्चीस हजार रुपैंयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(३) यो दफा बमोजिम सम्वन्धित निकायले गरेको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले सो गरे भएको सूचना पाएको मितिले पैंतिस दिनभित्र सम्वन्धित निकायमा पुनरावेदन गर्न सक्नेछ ।

१३. **अधिकार प्रत्यायोजन :** यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारीले कुनै अधिकृत कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

१४. **नियम बनाउने अधिकार :** यो ऐनको उद्देश्य कार्यन्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

१५. **कार्यविधि, मापदण्ड बनाउन सक्नेः** यो ऐनको उदेश्य कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधि तथा मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

१६. **प्रचलित कानून बमोजिम हुने :** यस ऐनमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१७. **बचाउ :** यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानुन बमोजिम भए गरेको काम यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

आज्ञाले

सुरेन्द्र सिंह

निमित्त प्रमुख प्रशासकीय अधिकृत